## स्थापित तिमी

स्थापित छौ तिमी मेरो मनको आसनमा
कुनै प्रेयसी सरह
असमर्थ छु तिमीलाई विस्थापित गर्न
पदासीन त्यस अधिकारबाट ।

तिमीलाई अङ्कमालमा बाँधेर
समाहित गर्ने चाहनाहरू
तृप्तिका किनार-किनारसम्म धकेलेर
प्रेम गर्ने इच्छाहरूबाट
म मुक्त छैन
साँच्चै मुक्त छैन ।

तिमीविनाको आफू अहिले
कति एक्लो ?
कति खल्लो ?
पीडा क्यानभासमा उतारिरहेछु
पीडा
र पीडाको रेखाहरू मात्र ।

६ ६ ६